# माछापुच्छ्रे बैंक लिमिटेडको
# बीसौं वार्षिक साधारण सभाको कामकारवाहीको विवरण (माइन्यूट)

## १. वैधानिक सभा :

माछापुच्छ्रे बैंक लिमिटेडको मिति २०७५/०८/२६ मा बसेको संचालक समितिको ३८५ वैठकको निर्णयानुसार कम्पनी ऐन, २०६३ तथा बैंकको प्रबन्ध-पत्र र नियमावली बमोजिम बैंकको बीसौं वार्षिक साधारण सभा बैंकका सञ्चालक समितिका अध्यक्ष श्री रोशन के.सी.ज्यूको सभापतित्वमा देहाय बमोजिम सम्पन्न भयो ।

## २. सभाको मिति, स्थान र समय :

**मिति** : २०७५ साल पौष २० गते (तद्नुसार ४ जनवरी २०१९), शुक्रबार ।
**समय** : विहान ११:०० बजे ।
**स्थान** : होटल पोखरा ग्राण्ड, पार्दि, पोखरा, कास्की ।

## ३. उपस्थिति :

### सञ्चालकहरुको उपस्थिति :

| | | | |
|---|---|---|---|
| (क) | श्री रोशन के.सी. | - | अध्यक्ष |
| (ख) | श्री गोपीकृष्ण न्यौपाने | - | सञ्चालक/लेखापरिक्षण समितिका संयोजक |
| (ग) | श्री जय मुकुन्द खनाल | - | सञ्चालक |
| (घ) | श्री राममान श्रेष्ठ | - | सञ्चालक |
| (ङ) | श्री विश्व प्रकाश गौतम | - | सञ्चालक |
| (च) | श्री ओमेश लाल श्रेष्ठ | - | सञ्चालक |

### पदाधिकारीहरुको उपस्थिति :

| | | | |
|---|---|---|---|
| (क) | श्री सुमन शर्मा | - | प्रमुख कार्यकारी अधिकृत |
| (ख) | श्री सन्तोष कोईराला | - | नायव प्रमुख कार्यकारी अधिकृत |
| (ग) | श्री सर्जुकुमार थापा | - | सहायक महाप्रबन्धक |
| (घ) | श्री टिका भट्टराई | - | कम्पनी सचिव |
| (ङ) | श्री समिरजंग रायमाझी | - | सामान्य प्रशासन विभाग प्रमुख |
| (च) | श्री जय प्रसाद सापकोटा | - | प्रादेशिक प्रमुख, गण्डकी प्रदेश |
| (छ) | श्री सुभाष जमरकट्टेल | | प्रमुख वित्त अधिकृत |

### आमन्त्रितहरूको उपस्थिति :

| | | | |
|---|---|---|---|
| (क) | श्री बालकृष्ण ढकाल | - | कानुनी सल्लाहकार |
| (ख) | श्री गोविन्द कुमार श्रेष्ठ | - | निर्वाचन अधिकृत |
| (ग) | श्री रतन बहादुर साउद | - | जि.पी. राजवहाक एण्ड कम्पनी, लेखापरीक्षक |

### शेयरधनीहरुको उपस्थिति :

| | | | |
|---|---|---|---|
| (क) | स्वयं उपस्थित | - | ३२४ जना |
| (ख) | प्रतिनिधिपत्रद्वारा उपस्थित | - | ६७ जना |
| | **जम्मा उपस्थिती** | - | **३९१ जना** |

४. **सभाको सुचना :**

बीसौं वार्षिक साधारण सभा बस्ने बारेको सूचना तथा संचालक समितिको प्रतिवेदन, आ.ब. २०७४/७५ को वार्षिक आर्थिक विवरण लगायतका आवश्यक सम्पूर्ण विवरणहरु सहितको वार्षिक प्रतिवेदन तथा सभामा छलफल गरिने विषयहरु शेयरधनीहरुले बैंकलाई उपलब्ध गराउनु भएको ठेगानामा पठाउनुका साथै सोही व्यहोराको सूचना प्रथम पटक मिति २०७५ मंसिर २८ गतेको नयाँ पत्रिका दैनिक र कारोबार दैनिकमा प्रकाशित भएको थियो भने सो पछि मिति २०७५ पौष १० गतेको नागरिक दैनिक, त्यसै गरी पोखराबाट प्रकाशित हुने हिमदुत दैनिक र समाधान दैनिकहरुमा समेत प्रकाशित गर्नुका साथै बैंकको वेब साईट www.machbank.com मा समेत राखी शेयरधनी महानुभावहरुलाई सार्वजनिक रुपले सूचित गरिएको थियो ।

५. **सभामा भएका छलफलका विषयहरु :**

क. **सामान्य प्रस्ताव :**

१. आर्थिक वर्ष २०७४/७५ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०७५ आषाढ मसान्तको वासलात तथा आर्थिक वर्ष २०७४/७५ को नाफा नोक्सान विवरण र सोही अवधिको नाफा नोक्सान बाँडफाँड तथा नगद प्रवाह विवरण लगायत सम्पूर्ण वित्तीय विवरणहरु पारित गर्ने ।

३. आर्थिक वर्ष २०७५/७६ को लागि लेखापरीक्षक नियुक्ती गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने । (हाल बहालवाला लेखापरीक्षक M/s G.P. Rajbahak & Co. कम्पनी ऐन, २०६३ को दफा १११(३) तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३(३) बमोजिम पुनः नियुक्ती हुन योग्य हुनुहुन्छ) ।

४. बैंकको सञ्चालक समितिले प्रस्ताव गरे अनुसार शेयरधनीहरुलाई रु. ८०,५५,६९,३००.०० अर्थात चुक्ता पूँजीको १० प्रतिशत (कर सहित) का दरले नगद लाभांश वितरण गर्न स्वीकृत गर्ने ।

५. संस्थापक समूहका शेयरधनीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने ३ (तीन) जना सञ्चालकहरुको निर्वाचन गर्ने ।

ख. **विशेष प्रस्ताव :**

१. माछापुच्छ्रे बैंक लिमिटेड र अन्य उपयुक्त बैंक तथा वित्तीय संस्था(हरु) एक आपसमा गाभ्न/गाभिन (मर्जर गर्न वा प्राप्ती (एक्विजसन) गर्न तथा बैदेशिक रणनीतिक साझेदारीमा जान उपयुक्त देखिएमा बैंकको चल अचल सम्पत्ति र दायित्व तथा कारोबारको मूल्यांकनका लागि मूल्यांकनकर्ता नियुक्ती गर्न, गाभ्ने गाभिने वा प्राप्ती गर्ने सम्बन्धी सम्झौता गर्न तथा सो सम्बन्धी आवश्यक सम्पूर्ण कार्य अगाडि बढाउन संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

२. निम्न विषयहरुका सम्बन्धमा प्रबन्धपत्र तथा नियमावली संशोधन प्रस्ताव पारित गर्ने र उक्त संशोधनमा नियमनकारी निकाय (जस्तै : कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल राष्ट्र बैंक, नेपाल धितोपत्र बोर्ड आदि) ले संशोधन, परिवर्तन वा थप/घट गर्न सुझाव वा निर्देशन दिएमा सो अनुसार आवश्यक संशोधन, परिवर्तन वा थप/घट गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

(क) प्रचलित ऐन, कानुन तथा नियामक निकायको निर्देशनको अधिनमा रही आँफै वा सहायक कम्पनी स्थापना गरी जीवन बीमा, निर्जिवन बीमा, पुनर्बीमा, भेन्चर

क्यापिटल/प्राईभेट ईक्विटी/ हेज फण्ड, क्रेडिट रेटिङ्ग, धितोपत्र दलाल (स्टक ब्रोकर), धितोपत्र बजार (स्टक एक्स्चेन्ज), मर्चेण्ट बैंकिङ्ग, वित्तीय प्रविधि (फिन्टेक) सम्बन्धी सेवा लगायतका कार्यहरु गर्ने ।

(ख) सञ्चालक समितिमा सर्बसाधारण समूहका शेयरधनीहरुको तर्फबाट कम्तिमा एक जना महिला सञ्चालक रहने व्यवस्था कायम गर्ने ।

(ग) सञ्चालक समितिको अध्यक्ष र सदस्यको बैठक भत्ता क्रमश: रु.१५,०००/– र रु.१२,०००/– कायम गर्ने ।

ग. **विविध :** (विविध अन्तर्गत केही विषय नभएको)

## ६. गणपुरक संख्या, सभाको बैधानिकता :

| कुल शेयधनीको संख्या | जम्मा उपस्थित संख्या (स्वयं तथा प्रतिनिधिपत्रद्वारा) | जम्मा शेयरको प्रतिनिधित्व (संख्यामा) | बाँडफाँड भएको शेयरको सभामा प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|
| ३४,८५९ (क-ख समुह) | ३९१ (स्वयं ३२४ जना र प्रतिनिधिपत्रद्धारा ६७ जना) | ४,७८,१०,८७२ | ५९.३५% |

कम्पनी सचिवले कम्पनी ऐन, २०६३ को दफा ६७(२) बमोजिम शेयरधनीहरुलाई सभा सम्बन्धी सूचना दिइएको तथा कम्पनी ऐनको दफा ७३(२) तथा बैंकको नियमावलीमा उल्लेख भए बमोजिम सभामा ५० प्रतिशतभन्दा बढी अर्थात ५९.३५ प्रतिशत शेयरको प्रतिनिधित्व भएको हुँदा सभाको लागि आवश्यक गणपूरक संख्या पुगेकोले सभा संचालन गर्न कानून बमोजिम रित पुगी कम्पनी ऐन, २०६३ को दफा ६९ बमोजिम सभा संचालन गर्न वैधानिक रहेको व्यहोरा शेयरधनी महानुभावहरुलाई अवगत गराएपछि सभाको कार्यक्रम शुरु भयो ।

## ७. सभाको सभापतित्व र सभा संचालन :

आजको यस सभाको अध्यक्षता/सभापतित्व गरिदिन कम्पनी सचिवले कम्पनी ऐन, २०६३ को दफा ७४ को उपदफा १ एवं बैंकको नियमावलीको नियम ६ को उपनियम (१) अनुरुप सञ्चालक समितिका अध्यक्ष श्री रोशन के.सी.ज्यूलाई अनुरोध गर्नु भयो र बैंकको सञ्चालक समितिका अध्यक्षज्यूले सभाको सभापतित्व गर्नु भयो । प्रचलित कानूनको पालना भएको हुँदा सभाका सभापति श्री रोशन के.सी.ज्यूको अनुमतीले वार्षिक साधारण सभाको काम कार्वाही अगाडि बढ्यो ।

## ८. संचालक श्री जय मुकुन्द खनालज्यूबाट स्वागत मन्तव्य :

बैंकका स्वतन्त्र संचालक श्री जय मुकुन्द खनालज्यूले बैंकको यस बीसौं वार्षिक साधारण सभामा हाम्रो आमन्त्रणलाई स्वीकार गरी उपस्थित हुनु भएका शेयरधनी तथा अन्य सम्पूर्ण महानुभावहरुलाई बैंक तथा संचालक समितिको तर्फबाट हार्दिक स्वागत अभिवादन गर्नु भयो । प्रत्येक वर्ष आयोजना गरिने वार्षिक साधारण साभाको उद्देश्य गत वर्ष भएका/गरिएका सम्पूर्ण क्रियाकलापहरुको समीक्षा गर्न शेयरधनीहरु समक्ष संचालक समितिका तर्फबाट प्रस्ताव प्रस्तुत गर्दै ती अनुभव, सिकाई र समीक्षाबाट प्राप्त अनुभव र सिकाईका आधारमा आगामी वर्षका लागि कार्य योजना लक्ष्य, उद्देश्य र कार्य नीति तयार गर्न शेयरधनीहरुको अमूल्य सल्लाह, सुझाव तथा मार्गदर्शन प्राप्त गर्ने अवसरको रुपमा लिएको वताउनु भयो ।



Machhapuchchhre Bank Ltd. Head Office

आज भन्दा २० वर्ष अघि पोखरामा स्थापित माछापुच्छ्रे बैंक पोखरा लगायत सम्पूर्ण गण्डकी प्रदेश बासीको माया ममता र देशभर रहनु भएका आदरणीय शेयरधनी र ग्राहक महानुभावहरुको साथ र सहयोगबाट मुलुककै अग्रणी बाणिज्य बैंकको रुपमा स्थापित हुँदै गई रहेको छ । बैंक संचालनको विषय विभिन्न प्रकारका आन्तरिक एवं वाह्य वातावरण, देशले अंगिकार गरेको वित्तीय एवं मौद्रिक नीति, प्रतिस्पर्धीहरुले अवलम्बन गरेका रणनीति, अन्तर्राष्ट्रिय व्यापार लगायत अनगिन्ती अन्य कारणले दिन प्रति दिन कठीन हुँदै गई रहेको छ । यस्तो अवस्थामा समेत हाम्रो बैंक खरो उत्रन सक्नु निकै चुनौतीको विषय हो । वर्तमान संचालक समितिको अर्जुन दृष्टि यस बैंकलाई कसरी व्यवसायिक रुपमा दिगो तुल्याई यसको व्यापार व्यवसायलाई बृद्धि गर्दै लगी उत्कृष्ट बैंकको रुपमा बैंकिङ्ग व्यवसायमा स्थापित रहने भन्ने लक्ष्यमा केन्द्रित रहेको छ । शेयरधनी महानुभावहरुले अगाध विश्वास गरी निर्वाचित गरी पठाउनु भएको संचालक समितिलाई बैंकको दिगो र प्राकृतिक विकासका लागि जुन कार्यदिशा दिनु भएको थियो सो प्राप्त गर्न हामी सक्षम भई रहेका छौं । बैंकको दिगो र प्राकृतिक विकासका लागि समयोचित रणनीति निमार्ण, प्रतिस्पर्धात्मक बजारको पूर्व आँकलन र नाफा बृद्धि बैंकको उद्देश्य सदैव रही रहेको छ । विद्यमान वित्तीय बजारमा अकस्मात् देखा पर्ने चुनौतीहरुको सामना गरी बैंकको लक्ष्य प्राप्त गर्ने भन्ने सन्दर्भमा संचालक समिति हरपल चिन्तित रहेको छ । आफ्ना लगानीकर्ता र ग्राहकको लगानी तथा बचतको अत्युत्तम सुरक्षा गरी अधिक प्रतिफल दिन संचालक समिति तथा बैंक व्यवस्थापन सदैव सजग रहेको छ ।

बैंकको वित्तीय अवस्थाको विस्तृत विवरण सहितको बार्षिक प्रतिवेदन एवं संचालक समितिका अध्यक्षज्यूबाट प्रस्तुत हुने संचालक समितिको प्रतिवेदन उपर हुने छलफलको माध्यमबाट उपलब्ध गराउनु हुने सुझाव सल्लाहलाई शिरोपर गरी भावी दिनमा अगाडि बढ्ने प्रतिबद्धता गर्दै सम्पूर्ण शेयरधनी महानुभावहरुलाई पुनः हार्दिक नमन एवं स्वागत गर्नु भयो ।

## ९. सभाका सभापतिज्यूबाट संचालक समितिको बार्षिक प्रतिवेदन प्रस्तुती :

सभाको काम कारवाहीलाई अगाडी बढाउने क्रममा सभापति श्री रोशन के.सी.ज्यूले आफ्नो मन्तव्य सहित बैंकको सञ्चालक समितिको बार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्नु भयो । सञ्चालक समितिको प्रतिवेदन र लेखापरीक्षकको प्रतिवेदन सहितको २०७५ आषाढ मसान्तको वासलात तथा आर्थिक वर्ष २०७४/७५ को नाफा नोक्सान विवरण र सोही अवधिको नाफा नोक्सान बाँडफाँड तथा नगद प्रवाह विवरण लगायत सम्पूर्ण वित्तीय विवरण, सम्बन्धित अनुसूचीहरु लगायत सभाको छलफलका लागि पेश भएका विषयहरु सभापतिज्यूले सभामा प्रस्तुत गर्नुभयो ।

## १०. वार्षिक प्रतिवेदन तथा प्रस्तावहरुको प्रस्तुती र छलफल :

छलफलको क्रममा भाग लिने निम्न शेयरधनी महानुभावहरुले आ-आफ्नो मन्तव्य, जिज्ञासा एवं सुझावहरु सभा समक्ष राख्नु भयो ।

**१. श्री युक्त बहादुर सुवेदी**

(क) बैंकको बार्षिक प्रतिवेदन समयमै प्राप्त हुन नसकी ढिलो प्राप्त भएको हुँदा आगामी बर्ष समय मै बार्षिक प्रतिवेदन पठाउने व्यवस्था गर्न सुझाव दिनु भयो ।

(ख) बैंकको अघिल्लो आर्थिक बर्षको तुलनामा समीक्षा अवधिमा खुद मुनाफा कम भएको हुँदा बैंकले मुनाफा बृद्धि गर्ने तर्फ समेत बिचार गर्नु पर्छ ।



Machhapuchchhre Bank Ltd. Head Office

(ग) बैंकले १० प्रतिशत पूरै नगद लाभांश दिनुको सट्टा बोनस शेयर र नगद लाभांश दुवै मिलाएर दिएको भए बैंकको पूँजी समेत बृद्धि हुने र शेयरधनीलाई समेत अधिक लाभ हुने थियो ।

(घ) अहिलेको परिप्रेक्षमा पूँजी बृद्धि गर्न र व्यवसाय विस्तार गर्न मर्जर तथा एक्विजिसन आवश्यक भएकोले विशेष गरी पोखरा क्षेत्रका विकास बैंक एवं फाईनान्स् कम्पनीहरु छनौट गरी मर्जर तथा एक्विजिसन गर्न सुझाव दिनु भयो ।

(ङ) बैंकले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत विभिन्न क्षेत्र तथा स्थानमा विभिन्न कार्यक्रमहरु गर्ने गरेको भएता पनि गण्डकी क्षेत्रमा कुनै कार्यक्रम गरेको नपाइएको हुँदा यस क्षेत्रमा समेत त्यस्ता कार्यक्रमहरु गर्न अनुरोध गर्नु भयो ।

(च) बैंकले बृक्षारोपण कार्यक्रमलाई विशेष महत्व दिएको देख्दा खुसी लागेको । तर, बृक्षारोपणलाई संरक्षणको पनि उत्तिकै आवश्यकता पर्ने भएको हुँदा त्यस तर्फ  समेत सचत रहन सुझाव दिनु भयो ।

२. **श्री अम्बर तुलाचन**

(क) बैंकले संस्थागत सामाजिक उत्तरदायित्व निर्वाहमा गरेका कार्यहरुको प्रशंसा गर्दै यस्ता कार्यक्रमहरु शहरोन्मुख मात्र नभई दुर दराजमा रहेका ग्रामिण क्षेत्रहरुमा जनताले प्रत्यक्ष रुपमा लाभ पाउने तरिकाले गर्नु बढी उपयोगी हुनेमा जोड दिनु भयो ।

(ख) बैंकका संचालक समितिको वैठक भत्ता बृद्धि गर्नु अहिलेको समय सापेक्षा अवश्यक रहेको भएता पनि शेयरधनीहरुले पाउने लाभांश अभिबृद्धिमा समेत ध्यान पुऱ्याउन सुझाव दिनु भयो ।

(ग) बैंकले आफ्नो र सम्बन्धित क्षेत्रका जनताको समेत आवश्यकता हेरेर शाखा विस्तार गर्नु पर्ने सुझाव दिनु भयो ।

(घ) बैंकको पूँजी बृद्धि तथा नियामक निकायहरुको नीतिगत व्यवस्थालाई समेत मध्यनजर राख्दै मर्जर तथा एक्विजिसनमा जान सुझाव दिनु भयो ।

(ङ) बैंकको कानूनी खर्च अधिक देखिएको हुँदा उक्त खर्च केमा भएको हो जानकारी गराउन अनुरोध गर्नु भयो ।

(च) कर्जा र निक्षेप दुवै बृद्धि भएता पनि खुद मुनाफा घट्नुको कारण स्पष्ट पार्न अनुरोध गर्नु भयो ।

(छ) पूर्व प्रतिवद्धता अनुसार बैंकले पोखरामा बार्षिक साधारण सभा गरेकोमा खुसी व्यक्त गर्नु भयो ।

३. **श्री लवराज जोशी**

(क) शेयरधनीहरुलाई अघिल्लो बर्ष दिएको लाभांशको तुलनामा यस बर्ष अझ कम मात्र दिन सकेकोमा असन्तुष्टि व्यक्त गर्नु भयो ।

(ख) नगद लाभांशको सट्टामा बोसन शेयर दिएको भए वा दुवै मिलाएर दिएको भए सर्बसाधारण शेयरधनीले अधिक लाभ प्राप्त गर्न सक्ने थिए ।

(ग) बैंकले कर्मचारीहरुको तलिम एवं बृत्ति विकासमा अधिक खर्च गर्नु पर्ने र कर्मचारीले इमान्दारीपूर्वक लगनशिल भई काम गरेमा बैंकले स्वतः राम्रो परिणाम दिन सक्ने विचार व्यक्त गर्नु भयो ।

(घ) दक्ष र अनुभवी कर्मचारीहरुले बैंक छाडेमा बैंकलाई ठूलो नोक्सानी पर्ने भएकोले कर्मचारी Sustain गर्न बैंकले ध्यान पुऱ्याउनु पर्ने ।



Machhapuchchhre Bank Ltd. Head Office

(ङ) बैंकले शाखा खोलेर मात्र नपुग्ने, उक्त स्थानका जनतालाई उच्चतम बैंकिङ्ग सेवा पुऱ्याउन र जनताको जीवनस्तर उकास्न समेत सक्नु पर्नेमा जोड दिनु भयो ।

(च) नेपाल कृषिप्रधान देश भएको र कृषि क्षेत्रमा लगानीको अधिक सम्भावना रहेको हुँदा त्यतातिर समेत ध्यान पुऱ्याउनु पर्ने सुझाव दिनु भयो ।

**४. श्री डम्मरु बल्लभ घिमिरे**

(क) बैंकले दश प्रतिशत नगद लाभांश दिएकोमा खुसी व्यक्त गर्नु भयो ।

(ख) हाल नेपाल राष्ट्र बैंकले बैंकहरुलाई सहायक कम्पनी मार्फत स्टक ब्रोकरको काम गर्न सक्ने व्यवस्था गरेको हुँदा बैंकले समेत सो कार्य गर्न प्रकृया अगाडि बढाउन सुझाव दिनु भयो ।

(ग) बैंकको बार्षिक प्रतिवेदनमा विभिन्न कार्यक्रमहरुको फोटो राखेकोमा अघिल्लो बार्षिक साधारण सभाको समेत फोटो राख्न सुझाव दिनु भयो ।

(घ) साधारण सभाको खर्च समेत अधिक देखिएको कारण स्पष्ट पार्न अनुरोध गर्नु भयो ।

(ङ) बैंकको बार्षिक साधारण सभा अझ अगावै अर्थात दशैं र तिहारबीचको समय तिर नै गर्न सके राम्रो हुने थियो ।

**५. श्री रोज कुमार श्रेष्ठ**

(क) अघिल्लो बर्षको तुलनामा समीक्षा अवधिमा बैंकको संचालन मुनाफा अत्यन्त न्यून बृद्धि भएको भएता पनि खुद मुनाफा घटेकोमा असन्तुष्टि व्यक्त गर्नु भयो ।

(ख) बैंकले खरिद गरेका शेयरमा बजार मूल्य घटेको कारणले नोक्सानी भएको देखिन्छ, तर सोको लागि नोक्सानी व्यवस्था गरेको नदेखिएको हुँदा स्पष्ट पार्नु पर्ने ।

(ग) नेपाल राष्ट्र बैंकले यसै आर्थिक बर्षदेखि अनिवार्य गरेको NFRS अनुरुपको वित्तीय विवरण बुझ्न कठिन भएको ।

(घ) बैंकले नियम बमोजिम गर्नु पर्ने नोक्सानी व्यवस्था नछुटोस भनेर सचेत हुनु पर्ने राय व्यक्त गर्नु भयो ।

**६. श्री उद्धव प्रसाद घिमिरे**

(क) बैंकले मुनाफा गरेको रकम मध्ये केही रकम नियमनकारी कोषमा राख्नु परेको कारणले समेत सम्पूर्ण रकम लाभांशको रुपमा वितरण गर्न नसकेको बताउनु भयो ।

(ख) बैंकको वासलातको आकार रु. १ खर्बको हाराहारीमा पुगेकोमा खुसी व्यक्त गर्नु भयो ।

(ग) बैंकले आफ्नो खराब कर्जा अनुपात (NPA) ०.५ भन्दा कम कायम गर्न सफल भएको ।

(घ) हाल अन्तर्राष्ट्रिय रुपमा नै विद्युतीय कारोबार अधिक हुने गरेको र यसमा समय समयमा ह्याकरहरुबाट सिस्टम ह्याक गरी रकम हिनामिना समेत हुने गरेको समाचार आउने गरेको तर्फ विशेष ध्यान दिई सतर्कता अपनाउन सुझाव दिनु भयो ।

(ङ) मर्जर एक्विजिसनलाई समेत प्राथमिकतामा राखी कार्य गर्नु पर्ने ।



Machhapuchchhre Bank Ltd. Head Office

७. श्री सूर्य बहादुर के.सी.

(क) बैंक एउटा पब्लिक कम्पनी भएको र यसका संस्थापकहरुको भन्दा सर्बसाधारणको रकम बढी भएको हुँदा सञ्चालकहरु केवल ट्रष्टिको रुपमा रहनु पर्ने र सर्वसाधारणको रकमको सुरक्षालाई उच्चतम महत्व दिएर काम गर्न सुझाव दिनु भयो ।

(ख) बैंक सेवा मुलक संस्था भएकोले ग्राहकको सन्तुष्टिलाई सर्बोपरी मानी ग्राहकहरुलाई असल व्यवहार गर्दै उत्कृष्ट सेवा दिन कर्मचारीहरुलाई समेत सोही अनुरुप तयार गर्नु पर्ने ।

(ग) अहिले बैंकिङ्ग क्षेत्रमा अधिक प्रतिस्पर्धा भएको हुँदा ग्राहकहरुलाई बैंक आँफै घर घरमै गएर सेवा प्रदान गर्नु पर्ने अवस्था रहेको छ ।

(घ) बैंक स्थापनाको २० बर्षको अवधिमा प्राप्त भएको Return हेर्ने हो भने अत्यन्त न्यून रहेको छ ।

(ङ) बैंकले सामान्य बैंकिङ्ग कारोबारमा मात्रै ध्यान केन्द्रित नगरी लगानी र व्यवसायका नयाँ नयाँ क्षेत्रहरुको पहिचान गर्दै व्यवसायलाई विस्तार गर्नु पर्ने आवश्यकता रहेको छ ।

**सभामा उठेका प्रश्न तथा जिज्ञासाहरुको सम्बन्धमा सभापतिज्यूले दिनु भएको प्रत्युत्तर :**

शेयरधनी महानुभावहरुले आर्थिक वर्ष २०७४/७५ को वित्तीय विवरण तथा बैंकको कृयाकलापका सम्बन्धमा सुक्ष्म विश्लेषण गरेर दिनुभएका महत्वपूर्ण एवं सकारात्मक सुझाव तथा सल्लाहका लागि धन्यवाद ज्ञापन गर्दै बैंक सञ्चालनका सम्बन्धमा शेयरधनीहरुले दिनु भएका सम्पूर्ण राम्रा सुझावहरुलाई बैंकले लागु गर्दै जाने प्रतिवद्धता व्यक्त गर्नु भयो । बैंकले मर्चेण्ट बैंकिङ्ग सम्बन्धी कार्य गर्नको लागि माछापुच्छ्रे क्यापिटल दर्ता गरी सकेको र नेपाल धितोपत्र बोर्डबाट ईजाजत लिने सम्बन्धमा आवश्यक कार्य प्रकृया अगाडि बढाएको जानकारी गराउनु भयो । यसै गरी बैंकले मर्जर तथा एक्विजिसनलाई समेत उच्च प्राथमिकतामा राखी सोको लागि यसै बार्षिक साधारण सभामा प्रस्ताव समेत पेश गरिएको जानकारी गराउँदै निकट भविष्यमा नै कुनै उपयुक्त बैंक तथा वित्तीय संस्था छनौट गरी मर्जर तथा एक्विजिसन प्रकृया अगाडि बढाउन संचालक समिति अगाडि बढेको जानकारी गराउनु भयो । साथै, शेयरधनी महानुभावहरुबाट व्यक्त अन्य जिज्ञासाहरुको सम्बन्धमा आवश्यक सम्बोधन गर्न प्रमुख कार्यकारी अधिकृतज्यूलाई अनुरोध गर्नु भयो ।

**सभामा उठेका प्रश्न तथा जिज्ञासाहरुको सम्बन्धमा सभापतिज्यूको अनुमतीले प्रमुख कार्यकारी अधिकृतले दिनु भएको प्रत्युत्तर :**

शेयरधनी महानुभावहरुले अत्यन्तै रचनात्मक एवं महत्वपूर्ण सुझाव तथा सल्लाह दिनु भएकोमा हार्दिक धन्यवाद ज्ञापन गर्दै शेयरधनी महानुभावहरुबाट व्यक्त जिज्ञासाहरुको सम्बन्धमा निम्न बमोजिम स्पष्ट पार्नु भयो ।

(क) बैंकको बार्षिक प्रतिवेदन समय मै प्राप्त हुन नसकेको भन्ने गुनासोको सम्बन्धमा बैंक सजग रहेको र आगामी बर्षहरुमा समय मै उपलब्ध गराउन उचित प्रबन्ध मिलाउने प्रतिवद्धता व्यक्त गर्नु भयो ।

(ख) बैंकले नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन एवं प्रचलित नियम कानून र संस्थागत सुशासन कायम राख्दै कारोबार गर्ने भएको हुँदा मुनाफा मात्रै सर्वोपरी नहुने भएता पनि व्यवसायलाई विस्तार गर्दै मुनाफा अधिबृद्धि गर्दै जाने लक्ष्य लिइएको छ ।

(ग) हाल बैंकको आधार दर निर्धारण गर्ने फर्मुलामा केही संशोधन भएको र सोको कारणले मुनाफा अभिबृद्धिमा थप प्रतिकुल असर पर्ने देखिएको भएता पनि अघिल्ला आर्थिक बर्षमा भन्दा चालु आर्थिक बर्षमा राम्रो प्रतिफल पाउने अपेक्षा गरिएको छ ।

(घ) बैंकले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत बृक्षारोपण कार्य गरेकोमा सोको संरक्षणलाई समेत उत्तिकै ध्यानमा राखी सोको समेत उचित प्रबन्ध मिलाईएको छ ।

(ङ) बैंकको कानूनी खर्च अधिक भएको भन्ने सम्बन्धमा बैंकले कर्जा असुल उपर गर्ने सम्बन्धमा सूचनाहरु प्रकाशित गर्नेदेखि लिएर ऋण असुली न्यायाधिकरणमा मुद्दा दर्ता गर्दा लाग्ने राजश्व खर्च तथा अन्य मुद्दा मामिला गर्दा लाग्ने खर्च, कानून व्यवसायी शुल्क आदि सम्पूर्ण समावेश हुने हुँदा अधिक देखिएको हो ।

(च) समीक्षा अवधिमा विशेष साधारण सभा र बार्षिक साधारण सभा गरी दुई पटक साधारण सभा भएको कारणले समेत साधारण सभाको खर्च अधिक हुन गएको हो ।

(छ) समीक्षा अवधिमा कर्जा र निक्षेप दुवै बृद्धि भएता पनि खुद मुनाफा घट्नुमा निक्षेपको ब्याजदर परिवर्तन हुँनासाथ ग्राहकको कर्जामा तुरुन्तै ब्याजदर परिवर्तन हुन नसक्ने हुँदा सोको कारणले स्प्रेड दर कम हुनगई व्यवसाय बृद्धि अनुरुप नै मुनाफा समेत बृद्धि नहुने गरेको हो ।

(ज) उत्पादनमुलक क्षेत्रमा लगानी गर्दा कम मुनाफा हुने भएता पनि बैंकले उत्पादनमुलक क्षेत्रमा गरिने लगानीलाई प्राथमिकतामा राख्दै नेपाल राष्ट्र बैंकले तोकेको न्यूनतम २५ प्रतिशत भन्दा अधिक अर्थात २८ प्रतिशत लगानी गरेको छ ।

(झ) बैंकले खरिद गरेका शेयरमा बजार मूल्य घटेको कारणले हुने नाफा वा नोक्सानलाई Other Comprehensive Income शिर्षक अन्तर्गत व्यवस्था गर्नु पर्ने NFRS को प्रावधान बमोजिम सोही अनुरुप हिसाव देखाईएको छ ।

(ञ) बैंकले स्टक ब्रोकरको काम समेत गर्ने भनी प्रबन्धपत्र तथा नियमावली संशोधनको प्रस्ताव यसै साधारण सभामा पेश गरेको र सो सम्बन्धी प्रकृया तुरुन्तै अगाडि बढाइने छ ।

## ११. सभाको निर्णय :

### (क) सामान्य प्रस्ताव तर्फ :

१. छलफलको लागि सभामा प्रस्तुत प्रस्ताव नं. १ बमोजिम आर्थिक वर्ष २०७४/७५ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल भइसकेकोले सोलाई पारित गरियोस् भनी सभापतीज्यूले निर्णयार्थ राख्नु भएको प्रस्ताव सभाले सर्वसम्मतिले पारित गर्‍यो ।

२. प्रस्ताव नं. २ बमोजिम लेखापरीक्षकको प्रतिवेदन सहितको २०७५ आषाढ मसान्तको वासलात तथा आर्थिक वर्ष २०७४/७५ को नाफा नोक्सान विवरण र सोही अवधीको नाफा नोक्सान बाँडफाँड तथा नगद प्रवाह विवरण लगायत सम्पूर्ण वित्तीय विवरणहरुलाई पारित गरियोस् भनी सभापतीज्यूले प्रस्ताव राख्नु भएपछि छलफल पश्चात् सभाले सर्वसम्मतिबाट पारित गर्‍यो ।

३. प्रस्ताव नं. ३ बमोजिम आर्थिक वर्ष २०७५/७६ को लागि लेखापरीक्षक नियुक्ती गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा कम्पनी ऐन, २०६३ को दफा १११, ११२ र दफा १६५ (घ) तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐनको २०७३ को दफा ६१ उपदफा (ङ) बमोजिम बैंकको वर्तमान लेखापरीक्षक G.P Rajbahak & Co, चार्टर्ड एकाउन्टेण्टस् पुनः नियुक्त हुन सक्ने अवस्था रहेको र निजको आर्थिक वर्ष २०७४/७५ को कार्यक्षमता सन्तोषजनक रहेकोले लेखा परीक्षण समितिबाट लेखापरीक्षण शुल्क लगायत Tax Audit, Long Form Audit Report (LFAR), कम्पनी ऐन, २०६३ को दफा ७८ को प्रतिवेदन प्रमाणीकरण तथा वास्तविक बिल अनुसार भुक्तानी गर्ने गरी अन्य विविध खर्चको सिमा लगायत Statutory Auditor ले गर्नु पर्ने सम्पूर्ण कार्यहरुको लागि कूल लेखापरीक्षण शुल्क कर बाहेक रु. १५,००,०००/- (पन्ध्र लाख रुपैयाँ मात्र) प्रदान गर्ने गरी वर्तमान लेखापरीक्षक G.P. Rajbahak & Co., चार्टर्ड एकाउन्टेण्टस्लाई नै लेखा परीक्षक नियुक्तीका लागि सिफारिस गर्ने निर्णय गरिएको हुँदा सो सिफारिस साधारण सभाबाट स्वीकृतीका लागि सभापतिको अनुमतिले लेखापरिक्षण समितिका संयोजक श्री गोपी कृष्ण न्यौपानेज्यूले राख्नु भएको प्रस्ताव उपर सभामा विस्तृत छलफल भई सर्वसम्मतिले पारित गरियो ।



Machhapuchchhre Bank Ltd. Head Office

४. प्रस्ताव नं. ४ बमोजिम संचालक समितिले प्रस्ताव गरे बमोजिम शेयरधनीहरुलाई रु. ८०,५५,६९,३००.०० अर्थात चुक्ता पूँजीको १० प्रतिशत (कर सहित) का दरले नगद लाभांश वितरण गर्न पारित गरियोस् भनी सभापतीज्यूले राख्नु भएको प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

५. प्रस्ताव नं. ५ बमोजिम संस्थापक शेयरधनीहरुको तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने ३ (तीन) जना सञ्चालकहरुको निर्वाचन गर्ने सम्बन्धमा बैंकको नियमावली तथा संचालक निर्वाचन कार्यविधि निर्देशिका अनुसार सभालाई निर्वाचन कार्यक्रमको जानकारी गराउन तथा निर्णयार्थ सभामा पेश गर्न निर्वाचन अधिकृत श्री गोविन्द कुमार श्रेष्ठलाई सभापतीज्यूले अनुरोध गर्नुभयो ।

निर्वाचन अधिकृतज्यूले निर्वाचनमा अपनाईएका प्रक्रिया तथा समय तालिका बारे विस्तृत जानकारी गराँउदै तोकिएको समयावधिमा निम्न ३ (तीन) जना उम्मेदवारहरुले मनोनयन पत्र दाखिला गराउनु भएको जानकारी गराउनु भयो ।

| क.सं. | उम्मेदवारहरुको नाम, थर | डिम्याट नं. |
|---|---|---|
| १. | डा. बिरेन्द्र प्रसाद महतो | १३०१०४००००३२८८८ |
| २. | श्री रोशन के.सी. | १३०१५०००००१४९८५ |
| ३. | श्री गोपी कृष्ण न्यौपाने | १३०१६१००००००१०१९ |

संस्थापक समूहका शेयरधनीहरुको तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने ३ (तीन) जना संचालकहरुको निर्वाचन गर्ने सम्बन्धमा जति पद संख्यामा निर्वाचन हुनु पर्ने हो, त्यति नै संख्याको मात्र उम्मेदवारी परेको हुँदा उल्लेखित ३ (तीन) जना नै उम्मेदवारहरु निर्विरोध निर्वाचित हुनुभएको निर्वाचन अधिकृतले घोषणा गर्नु भएकोमा सोलाई साधारण सभाले सर्वसम्मतिले पारित गर्‍यो । निर्विरोध निर्वाचित हुनुभएका उल्लेखित संचालकज्यूहरुलाई सञ्चालक समितिका पदाधिकारीहरु, निर्वाचन अधिकृत, बैंक व्यवस्थापन तथा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरुले बधाई एवं स्वागत गर्दै उहाँहरुको कार्यकालको पूर्ण सफलताको लागि शुभकामना व्यक्त गर्नुभयो।

**(ख) विशेष प्रस्ताव तर्फ :**

१. विशेष प्रस्ताव नं. १ बमोजिम माछापुच्छ्रे बैंक लिमिटेड र अन्य उपयुक्त बैंक तथा वित्तीय संस्था (हरु) एक आपसमा गाभ्न/गाभिन (मर्जर गर्न वा प्राप्ती (एक्विजसन) गर्न तथा बैदेशिक रणनीतिक साझेदारीमा जान उपयुक्त देखिएमा बैंकको चल अचल सम्पत्ति र दायित्व तथा कारोबारको मूल्यांकनका लागि मूल्यांकनकर्ता नियुक्ती गर्न, गाभ्ने गाभिने वा प्राप्ती गर्ने सम्बन्धी सम्झौता गर्न तथा सो सम्बन्धी आवश्यक सम्पूर्ण कार्य अगाडि बढाउन संचालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गरियोस् भनी सभापतीज्यूले राख्नु भएको प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

२. विशेष प्रस्ताव नं. २ बमोजिम बैंकको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने सम्बन्धी प्रस्तावका सम्बन्धमा बैंकको प्रबन्ध पत्रमा दफा ४(कज) निम्न बमोजिम थप गर्ने र नियमावलीको नियम ८(२)(ख) र नियम २९(१)(क) मा निम्न बमोजिम संशोधन गर्ने र उक्त थप/संशोधनमा नियमनकारी निकाय (जस्तै : कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल राष्ट्र बैंक, नेपाल धितोपत्र बोर्ड आदि) ले संशोधन, परिवर्तन वा थप/घट गर्न सुझाव वा निर्देशन दिएमा सो अनुसार आवश्यक संशोधन, परिवर्तन वा थप/घट गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गरियोस् भनि अध्यक्षज्यूले राख्नु भएको प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।



Machhapuchchhre Bank Ltd. Head Office

**प्रबन्ध पत्र**

**दफा ४ : बैंकको उद्देश्य प्राप्त गर्न गरिने कामहरू :**

(कज) प्रचलित कानूनको अधिनमा रही आवश्यकता अनुसार नियमनकारी निकायको स्वीकृति लिई बैंकले आफैं वा कुनै स्वदेशी वा विदेशी फर्म, कम्पनी, संघ संस्थासंग संयुक्त लगानीमा वा सञ्चालनमा रहेको कुनै कम्पनीको पूरै वा आंशिक शेयर खरिद गरी वा सहायक कम्पनी स्थापना गरी जीवन बीमा, निर्जिवन बीमा, पुनर्बीमा, भेञ्चर क्यापिटल/प्राईभेट ईक्विटी/ हेज फण्ड, क्रेडिट रेटिङ्ग, धितोपत्र दलाल (स्टक ब्रोकर), धितोपत्र बजार (स्टक एक्स्चेञ्ज), वित्तीय प्रविधि (फिन्टेक) सम्बन्धी सेवा लगायतका कार्यहरु गर्ने ।

**नियमावली**

**नियम ८ : सञ्चालकको संख्या र कार्यकाल :**

(२)(ख) सर्वसाधारण समूहका शेयरधनीबाट कम्तीमा एकजना महिला सहित निर्वाचित ३ (तीन) जना ।

**नियम २९ : सञ्चालकको पारिश्रमिक, भत्ता र सुविधा सम्बन्धी व्यवस्था :**

(१)(क) सञ्चालक समितिको बैठकमा उपस्थित भए वापत अध्यक्षले पाउने बैठक भत्ता रु. १५,०००/– (रुपैयाँ पन्ध्र हजार मात्र) र सञ्चालकले पाउने बैठक भत्ता रु. १२,०००/– (रुपैयाँ बाह्र हजार मात्र) हुनेछ ।

**विविध अन्तर्गत केही विषय नभएकोले कुनै छलफल भएन ।**

## १२. सभापतिज्यूबाट सभाको विषर्जन :

सभाको अन्त्यमा सभापतिज्यूले यस सभाको सूचनासाथ पठाइएको सम्पूर्ण सामान्य तथा विशेष प्रस्तावहरु सभामा पेश भई विस्तृत छलफल भएको र सम्पूर्ण प्रस्तावहरु सभाबाट सर्वसम्मत्तिबाट पारित भएको घोषणा गर्नु भयो । संस्थापक समूहका शेयरधनीहरुका तर्फबाट प्रतिनिधित्व गर्दै संचालक समितिमा आफु लगायत डा. बिरेन्द्र प्रसाद महतोज्य र श्री गोपी कृष्ण न्यौपानेज्यू निर्विरोध निर्वाचित हुनु भएको हुँदा नवनिर्वाचित संचालकहरुलाई हार्दिक बधाई एवं स्वागत गर्दै उहाँहरुको कार्यकालको पूर्ण सफलताको लागि शुभकामना व्यक्त गर्नु भयो ।

सभाको अन्त्यमा अध्यक्षज्यूले सभामा सहभागी हुनुभई आफ्नो अमूल्य राय, सल्लाह, मन्तव्य व्यक्त गर्नु भई सभालाई सौहाद्रपूर्ण वातावरणमा सम्पन्न गरी दिनु भएकोमा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरु, बैंकलाई निरन्तर सहयोग एवं मार्गदर्शन प्रदान गर्ने नेपाल सरकार, नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, धितोपत्र बोर्ड, नेपाल स्टक एक्स्चेञ्ज तथा सिडिएस एण्ड क्लियरिङ्ग लि. प्रति हार्दिक कृतज्ञता सहित धन्यवाद व्यक्त गर्नु भयो । साथै, सफलतापूर्वक संचालक निर्वाचन कार्यक्रम सम्पन्न गर्नु भएकोमा निर्वाचन अधिकृत लगायत बैंकको व्यवस्थापन तथा समस्त कर्मचारी वर्गको लगनशिलता र समर्पित सेवाको उच्च प्रशंसा गर्दै आजको यो बीसौं वार्षिक साधारण सभाको कार्यक्रम समाप्त भएको घोषणा गर्नु भयो ।

................
टिका भट्टराई
कम्पनी सचिव

Machhapuchchhre Bank Ltd. Head Office

................................
रोशन के.सी.
सभाका सभापति/अध्यक्ष